नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(कर्मचारी प्रशासन तथा आन्तरिक ब्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१


पत्र संख्या :- ०७३/०७४
चलानी नं.: 8028

मिति : २०७४।३।४

विषय : परिपत्र ।

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला समन्वय समितिको कार्यालय, ७५ (सबै)

प्रस्तुत विषयमा यस कार्यालयको च.नं ३९९८, मिति २०७४।२।२८ को पत्र प्राप्त भै ब्यहोरा अवगत भएकै होला । सो परिपत्र वमोजिम त्यस जिल्ला समन्वय समितिमा कार्यरत प्राविधिक कर्मचारीहरुका साथै जिल्ला प्राविधिक कार्यालयमा कार्यरत राजपत्र अनंकितस्तरका प्राविधिक कर्मचारीहरुलाई जिल्ला कर्मचारी ब्यवस्थापन समितिवाट निर्णय गराई नयाँ गठन भएका र प्राविधिक जनशक्ति कम भएको गाउँपालिका र नगरपालिकाहरुमा मिति २०७४।३।१५ भित्र अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहमा रहि कामकाज गर्ने गरी हाजिर हुन खटाउने ब्यवस्था गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४।३।४ को निर्णयानुसार अनुरोध छ ।

०७४।३।४
(भरत कुमार शर्मा)
उपसचिव

वोधार्थ :
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,
श्रीमहल, पूल्चोक : यस मन्त्रालयको च.नं ३९८७, मिति २०७४।२।२९ को पत्र प्राप्त भएकै छ । निजामती सेवा तर्फका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक कर्मचारीलाई मिति २०७४।४।१ गते सम्म हाजिर हुन जाने गरी गाउँपालिका/नगरपालिकामा खटाउने र राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक कर्मचारीको हकमा तहाँवाट प्रस्ताव गरी यस मन्त्रालयमा पेश गर्नु हुन ।

श्री सूचना तथा विधुतिय शासन शाखा : *Website* मा राखिदिनु हुन ।